# नेपाल पत्रकार महासंघ

नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
Central Committee
Federation of Nepali Journalists

**मिति : २०७५।०५।०८**

## शोक विज्ञप्ति

गोरखापत्र दैनिकका पूर्वप्रधानसम्पादक वरिष्ठ पत्रकार रामचन्द्र न्यौपानेको ८४ वर्षको उमेरमा निधन भएको दु:खद् खवरले नेपाल पत्रकार महासंघ स्तब्ध भएको छ । लामो समयदेखि उच्च रक्तचापबाट पीडित न्यौपानेको भाद्र ५ राति सुतिरहेको अवस्थामा काठमाडौंको लैनचौरस्थित निवासमा निधन भएको हो । स्वर्गीय न्यौपानेका दुई श्रीमती, दुई छोरा र तीन छोरी छन् ।

विगत पाँच दशकदेखि पत्रकारितामा सक्रिय न्यौपाने २०५१ सालदेखि जनसत्ता साप्ताहिकमा सम्पादकको रुपमा कार्यरत हुनुहुन्थयो । उहाँको निधनले नेपाली पत्रकारिता जगतले एक निर्भीक, कुशल र अनुभवी पत्रकार गुमाएको छ । नेपाल पत्रकार महासंघले यस घटनालाई नेपाली पत्रकारितता क्षेत्रको अपुरणीय क्षतिको रुपमा लिएको छ ।

नेपाल पत्रकार महासंघ स्वर्गीय न्यौपानेप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गदै मृतआत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा महासंघ शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछ ।

**रमेश विष्ट**
**महासचिव**

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np , Website: www.fnjnepal.org